याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं.-१०४-२०८२/०८३ मिति:२०८३/०३/२६

## सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना !!!

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा (५), सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिम सार्वजनिक निकायले आफ्नो कार्यसम्पादन, सेवा प्रवाह, विकास निर्माण तथा वित्तीय व्यवस्थापनका सम्बन्धमा आम नागरिकप्रति जवाफदेही र उत्तरदायी रहनुपर्ने व्यवस्था रहेको सन्दर्भमा यस याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्न लागिएको छ।

उक्त कार्यक्रममा गाउँपालिकाबाट प्रवाह भएका सेवा, सञ्चालन गरिएका विकास आयोजना, वित्तीय व्यवस्थापन, सुशासन प्रवर्द्धन तथा आगामी दिनमा सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउन सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव, सल्लाह, जिज्ञासा तथा गुनासोहरू ग्रहण गरिने भएकाले सम्पूर्ण गाउँवासी, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, उपभोक्ता समिति, विभिन्न संघ–संस्था तथा सरोकारवाला महानुभावहरूलाई कार्यक्रममा उपस्थित भई रचनात्मक सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम विवरण:**

**मिति :** २०८३ साल असार ३२ गते, विहिवार

**समय :** बिहान ११:०० बजे

**स्थान :** सामुदायिक भवन याङवरक ४, थर्पु, पाँचथर

.......................................

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत